आज मिति २०७६ साल माघ २० गते सोमवार अध्यक्ष श्री पारिश्वर ढकालको अध्यक्षतामा सत्यवती गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक बसी तपशील बमोजिमको उपस्थितिमा विभिन्न प्रस्तावउपर छलफल गरियो।

उपस्थिति

| पद | नाम थर | हस्ताक्षर |
|---|---|---|
| अध्यक्ष | श्री पारिश्वर ढकाल | |
| उपाध्यक्ष | श्री सुवर्ण शेरचन शाही | |
| सदस्य | श्री भीमलाल पाण्डेय | |
| सदस्य | श्री दधिराम कुँवर क्षेत्री | |
| सदस्य | श्री रुकबहादुर राना मगर | |
| सदस्य | श्री दानबहादुर राना | |
| सदस्य | श्री ओमप्रकाश भण्डारी | |
| सदस्य | श्री विष्णुप्रसाद भण्डारी | |
| सदस्य | श्री लोक बहादुर बुढाथोकी | |
| सदस्य | श्री सन्तकुमार थापा | |
| सदस्य | श्री मनमाया थापा | |
| सदस्य | श्री नरमाया थापा | |
| सदस्य | श्री मिना दमाई | |
| सदस्य | श्री तेजकुमारी थापा | |
| सदस्य | श्री होमबहादुर भुजेल | |
| सदस्य | श्री हरिप्रसाद वि.क. | |
| सचीव | श्री यादव भण्डारी | |

**बैठक संख्याः१५/२०७६-७७** **मितिः २०७६/१०/२०**

**प्रस्ताव नं.१ः** सत्यवती गाउँपालिकाको करारमा कर्मचारी भर्ना सम्बन्धी कार्यविधि सम्बन्धमा।

**प्रस्ताव नं.२ः** सत्यवती गाउँपालिकाको नगर प्रहरी सम्बन्धी कार्यविधि सम्बन्धमा।

**प्रस्ताव नं.३ः** प्रदेश सरकारबाट सत्यवती पर्यटन विकासतर्फ विनियोजित बजेटको कार्यान्वयन सम्बन्धमा।

**प्रस्ताव नं.४ः** मर्मत कोषबाट भुक्तानी दिने सम्बन्धमा।

**प्रस्ताव नं.५ः**शिक्षातर्फको भौतिक मर्मत सम्भार तथा शौचालय निर्माण बजेट कार्यान्वयन सम्बन्धमा।

**प्रस्ताव नं.६ः** होमस्टे अनुदानका लागि लागत सहभागिता व्यहोर्ने सम्बन्धमा।

**प्रस्ताव नं.७** कृषि तर्फको पकेट कार्यक्रमका लागि सिफारीस गर्ने सम्बन्धमा।

**प्रस्ताव नं.८ः** सत्यवती पर्यटन पुर्वाधार विकासतर्फको बजेट कार्यान्वयन गर्ने सम्बन्धमा।

**निर्णयहरुः**

**निर्णय नं.१ः** प्रस्ताव नं. १ माथि छलफल गर्दा सत्यवतीगाउँपालिकाले उपलब्धगराउनेसेवा प्रवाह र विकास निर्माणको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउनयसगाउँपालिकाकोलागिस्वीकृतकर्मचारीदरवन्दिकोअधीनमारहीकर्मचारीकोरिक्तपदमाकरारसम्झौताका आधारमा सेवाकरारमालिनेकार्यलाईव्यवस्थितगर्नकालागि सत्यवती गाउँपालिकाको करारमा कर्मचारी भर्ना सम्बन्धीकार्यविधि, २०७६पारित गर्ने निर्णय गरियो।

**निर्णय नं.२ः** प्रस्ताव नं.२ माथि छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (११) को उपदफा (२) क (१) ले दिएको अधिकार प्रयोग गरी सत्यवती गाउँपालिकाभित्र कानून एवम् निर्णयको कार्यान्वयनका गर्नका लागि सत्यवती गाउँपालिकाको नगर प्रहरी सम्बन्धी कार्यविधि, २०७६ पारित गरियो।

**निर्णय नं.३ः** प्रस्ताव नं.३ माथि छलफल गर्दा प्रदेश सरकारको वार्षिक बजेट कार्यक्रम २०७६/७७ मा पर्यटन विकासतर्फ विनियोजित बजेटको कार्यान्वयनका लागि सत्यवती गाउँपालिकाको वडा नं.८ को

भार्सेदेखि बुढी सत्यवतीसम्म पदमार्ग बनाउनका लागि उक्त कार्यक्रम कार्यान्वयन गर्ने डिभिजन वन कार्यालय, तम्घासलाई सिफारीस गर्ने निर्णय गरियो।

**निर्णय नं.४ः** प्रस्ताव नं.४ माथि छलफल गर्दा सत्यवती गाउँपालिकाको विभिन्न क्षेत्रमा अवरुद्ध भएका सडकहरु सुचारु गर्न एवम् महान पर्व दशैंको आसपास सडकहरुको मर्मत सुधारका लागि भएका खर्चहरु उपर छलफल गरी भुक्तानी गर्ने निर्णय गरियो।

**निर्णय नं.५ः** प्रस्ताव नं.५ माथि छलफल गर्दा सत्यवती गाउँपालिकाको आ.ब.०७६/७७ मा शिक्षातर्फ विनियोजित तपशील बमोजिमका बजेट कार्यक्रम तपशीलबमोजिमका विद्यालयमा प्रदान गर्ने निर्णय गरियो।

तपशील

| **क.सं.** | **आयोजनाको नाम** | **विद्यालयको नाम** | **कुल विनियोजित बजेट** |
|---|---|---|---|
| १ | भौतिक मर्मत सम्भार | साजपुर आ.वि. | ७,७६,०००/- |
| २ | शौचालय निर्माण | एकसिं मा.वि. | ७,००,०००/- |
| ३ | शौचालय निर्माण | बालकल्याण आ.वि. | ७,००,०००/- |

**निर्णय नं.६ः** प्रदेश सरकारको उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालयबाट प्रस्ताव माग भए बमोजिम सत्यवती-८, भार्से अवस्थित होमस्टे समूहको लागि आयोजना माग गरी पठाउँदा गाउँपालिकाले रु.२,००,०००/- लागत सहभागितावापत अनुदान दिने निर्णय गरयो।

**निर्णय नं.७ः** प्रस्ताव नं.७ माथि छलफल गर्दा सत्यवती गाउँपालिकाको लागि कृषि ज्ञान केन्द्रमार्फत कार्यान्वयन हुने पकेट कार्यक्रममा सत्यवती-८, भार्सेको लागि किवी खेतीका लागि सिफारीस गरी पठाउने निर्णय गरियो।

**निर्णय नं.८ः** प्रस्ताव नं.८ माथि छलफल गर्दा सत्यवती गाउँपालिकाका लागि नेपाल सरकार, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट पर्यटन पुर्वाधार निर्माणका लागि प्राप्त बजेट कार्यक्रमलाई तपशील बमोजिम विभाजन गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

**तपशील**

| क्र.सं. | विवरण | बजेट/ रकम | कैफियत |
|---|---|---|---|
| १ | पर्यटन सूचना केन्द्र स्थापना र प्रचार प्रसार सामाग्री व्यवस्थापन | ८,००,०००/- | रुद्रवेणी |
| २ | संस्कृति संरक्षण | ५,००,०००/- | घाटु, झुमारानी, आदि |
| ३ | सत्यवती क्वाङ्ग स्टल निर्माण | ५,००,०००/- | |
| ४ | हिले यज्ञशाला निर्माण | ५,००,०००/- | |
| ५ | बुढी सत्यवती शौचालय निर्माण | १०,००,०००/- | |
| ६ | बुढी सत्यवती मन्दिर प्लास्टर निर्माण | ५,००,०००/- | |
| ७ | क्वाङ सत्यवती- बुढी सत्यवती पदमार्ग निर्माण | १०,००,०००/- | |
| ८ | क्वाङ सत्यवती- बुढी सत्यवती गोरेटो सुधार | २,००,०००/- | |
| ९ | मसिना दह पुनःनिर्माण | १०,००,०००/- | |